Nepali

family and child connect

तपाईंलाई मद्दत गर्न सक्ने सेवाहरूमा जोडिनुहोस्

हामी कसरी मद्दत गर्न सक्छौं

उनीहरूको परिवारले चुनौतीहरूको सामना गर्दा पनि, बालबालिकाहरुलाई स्वस्थ र सकारात्मक तरिकाहरूमा विकसित हुन र बढ्नका लागि स्थायित्व आवश्यक पर्दछ । यो विशेषगरी बच्चाको प्रारम्भिक वर्षहरूमा महत्वपूर्ण हुन्छ।

यदि तपाईंलाई सहायता आवश्यक हुन्छ भने तपाईंको सेवाको लागि परिवार र बालबालिकासंग जोडिनुहोस यहाँ छ। हामी तपाईंलाई निम्न कुरामा मद्दत गर्न स्थानीय सेवाहरूमा जोड्न सक्छौं:

- तपाईंको बच्चाको व्यवहार व्यवस्था गर्न
- परिवार सम्बन्धहरू अझ राम्रो बनाउँन
- घरमा हिंसा रोक्न
- बजेट तोक्न र पैसाको व्यवस्था गर्न
- मदिरा, लागु औषध वा जुवाको समस्याहरू व्यवस्था गर्न
- आवास, स्वास्थ्य हेरचाह वा अन्य सामुदायिक वा सरकारी सेवाहरूमा पहुँच पुर्याउन।

परिवार र बालबालिकासंग जोडिनुहोससेवाहरू विश्वासिलो, स्थानीय संस्थाहरूद्वारा प्रदान गरिन्छन् जो परिवारहरूसँग काम गर्न अनुभवी छन्।

तपाईंले यो सेवा जति पटक चाहिन्छ त्यति प्रयोग गर्न सक्नुहुन्छ। यहाँ कुनै सीमा छैन र खर्च लाग्दैन।

जब तपाईंले हामीलाई सम्पर्क गर्नुहुन्छ के हुन्छ?

जब तपाईंले हामीलाई सम्पर्क गर्नुहुन्छ हामी एक अनुभवी परिवार सहायता कर्मचारीसँग कुरा गर्नेछौं जसले तपाईंको चासोहरू सुन्नुहुनेछ र तपाईंको परिवारको अवस्थालाई मुल्यांकन गर्नुहुनेछ। प्रत्येक परिवार फरक हुन्छ, त्यसैले जब तपाईं हामीसँग कुरा गर्नुहुन्छ, तपाईंले आफ्नो अवस्थाको बारेमा विशेष सुझाव र सहायता प्राप्त गर्नु हुनेछ।

हामी तपाईंलाई केवल एक फोन कलमा मद्दत गर्न सक्षम हुनेछौ चाहे सुझाव दिएर होस् वा सहायता सेवामा तपाईंलाई रिफर गरेर। कुरा गर्नको लागि – हामी तपाईंलाई घरमा – वा एउटा सुरक्षित ठाउँमा भेट्न पनि व्यवस्था मिलाउँन सक्छौं। जब आवश्यक पर्छ, हामी छिटै घरेलु र पारिवारिक हिंसा सेवामा परिवारहरूलाई जोड्न सक्छौं।

कसरी तपाईं अरुलाई मद्दत गर्न सक्नुहुन्छ

के तपाईं कसैबारे चिन्तित हुनुहुन्छ, जस्तो कि वयस्क केटाकेटी, नाति नातिजा, स्कूलमा रहेको परिवार, कामको साथी? तपाईं उनीहरूलाई आवश्यक सहायता प्राप्त गराउन पनि उनीहरूलाई मद्दत गर्न सक्नुहुन्छ।

उनीहरूसँग कुराकानी सुरु गर्नुहोस् र उनीहरुलाई सुझाव र सहयताको लागि 13 32 64 मा परिवार र बालबालिकासंग जोडिनुहोसमा सम्पर्क गर्नको लागि प्रोत्साहन गर्नुहोस्। उनीहरूलाई आवश्यक पर्ने मद्दत प्राप्त गर्न यो उनीहरूको पहिलो चरण हुन सक्छ।

हामीलाई सम्पर्क गर्नुहोस्

बालबालिकाहरु बलियो र स्वस्थ हुन्छन जब उनीहरुलाई चाहिएको सहायता अभिभावकसंग प्राप्त गर्दछन् । परिवार र बालबालिकासंग जोडिनुहोसमा, हामीलाई थाहा छ कि सही मार्गदर्शनले तपाईंलाई जीवनको चुनौतीहरू पार गर्न र तपाईंको केटाकेटीलाई स्वस्थ र सकारात्मक तरिकाहरूमा विकसित हुन सहायता प्रदान गर्छ।

हाम्रो सेवा गोप्य, निःशुल्क र कल गर्नको लागि योग्य छ।

फोन: 13 32 64
वेबसाइट: familychildconnect.org.au

तपाईंको स्थानीय Family and Child Connect सेवा निम्न रहेको छ:

.....

.....

.....

Interpreter

के तपाईंलाई एउटा दोभाषे आवश्यक पर्छ?

यदि तपाईंलाई दोभाषे आवश्यक हुन्छ भने हामी निःशुल्क एक जना व्यवस्था गर्न सक्छौं। हामीलाई **13 32 64** मा कल गर्नुहोस् र तपाईंलाई आवश्यक भाषा हामीलाई बताउनुहोस्।

Funded by
Queensland Government

0869_MARCH2021